आज मिति २०७७।१२।०३ गतेका दिन कर्जन्हा नगरपालिका कर्जन्हाको नगर प्रमुख श्री गंगा पासमान अध्यक्षतामा नगरकार्यपालिकाको बैठक वस्यो । जसमा तपशिल बमोजिमका पदाधिकारी तथा सद उपस्थितीमा निम्न प्रस्तावहरु माथि छलफल भई निम्न अनुसारको निर्णय भयो ।

तपसिल

| क्र.सं. | नाम | पद | सहि |
|---|---|---|---|
| १ | श्री गंगा पासमान | नगर प्रमुख | |
| २ | श्री ज्ञान कुमारी श्रेष्ठ | नगर उपप्रमुख | |
| ३ | श्री मोहनवहादुर खत्री | वडा अध्यक्ष | |
| ४ | श्री गणेशकुमार अधिकारी | वडा अध्यक्ष | |
| ५ | श्री कपलेश्वर यादव | वडा अध्यक्ष | |
| ६ | श्री टेकवहादुर सिङ्गार तमाग | वडा अध्यक्ष | |
| ७ | श्री चन्द्र भुषण खाती | वडा अध्यक्ष | |
| ८ | श्री जगदिशमहतो | वडा अध्यक्ष | |
| ९ | श्री जयकिशोर साह | वडा अध्यक्ष | |
| १० | श्री प्रकाशअधिकारी | वडा अध्यक्ष | |
| ११ | श्री वहादुर महरा | वडा अध्यक्ष | |
| १२ | श्री जगदिश साह तेली | वडा अध्यक्ष | |
| १३ | श्री कपिलयादव | वडा अध्यक्ष | |
| १४ | श्री कुशे साह | कार्यपालिका सदस्य | |
| १५ | श्री रामचन्द्र साह | कार्यपालिका सदस्य | |
| १६ | श्री राधाकुमारी खडाल | कार्यपालिका सदस्य | |
| १७ | श्री राममायालामा | कार्यपालिका सदस्य | |
| १८ | श्री गुलाव देवी महरा | कार्यपालिका सदस्य | |
| १९ | श्री भुल्ली देवी सदा | कार्यपालिका सदस्य | |
| २० | श्री गुव्दीपासमान | कार्यपालिका सदस्य | |
| २१ | श्री जगदिश मण्डल | सदस्य सचिव | |

**प्रस्तावहरु**

१) फर्निचर खरिदमा छुट्याइएको रकम सम्बन्धमा ।
२) राजश्वहरुको रकम सम्बन्धमा ।
३) लक्षित वर्गको कार्यक्रम सम्बन्धमा ।
४) एक गाउँ एक प्राविधिकको तलब सम्बन्धमा ।
५) वर्थिङ्ग सेन्टर संचालन सम्बन्धमा ।
६) सम्पुर्ण करारको कर्मचारीहरुको म्याद थप गर्ने सम्बन्धमा ।
७) वडा नं. ६ को बजेट/योजना संसोधन सम्बन्धमा ।
८) कोभिड अस्पतालको म्याद थप गर्ने सम्बन्धमा ।
९) कर्मचारीहरुको भत्ता सम्बन्धमा ।
१०) सेफ सन्तोषलाई सम्मान गर्ने सम्बन्धमा ।
११) सबै वडाहरुको वडा संचालन खर्च ब्रेक डाउन सम्बन्धमा ।
१२) वडा नं. ४ को योजना संसोधन सम्बन्धमा ।
१३) लाइब्रेरी निर्माण गर्नका लागि सहमति प्रदान गर्ने सम्बन्धमा ।
१४) बृद्धाश्रम निर्माणका लागि आवश्यक कार्य गर्ने सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १**
प्रस्ताव नं. १ माथि छलफल गर्दा कर्जन्हा नगरपालिकामा फर्निचर खरिदमा छुट्याइएको रकम रु. ४५,००,०००।- मध्ये ३०,००,०००।- मेसनरी औजार खरिदमा र १५,००,०००।- फर्निचर खरिदमा राख्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं. २**
प्रस्ताव नं. २ माथि छलफल कर्जन्हा नगरपालिकामा आ.व.२०७७।०७८ मा प्राप्त राजश्वहरुको रकम आँर्थिक श्रोतबाट म्याचिङ्ग फन्टमा जम्मा गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं. ३**
प्रस्ताव नं. ३ माथि छलफल गर्दा कर्जन्हा नगरपालिकाको आ.ब.२०७७/०७८ मा लक्षित वर्गमा रहेको रकमलाई आवश्यकताको आधारमा नगर प्रमुख ज्यू संग टिप्पणी आदेश उठाइ विभिन्न क्षेत्रसंग सम्बन्धीत कार्यक्रमहरु गर्ने सर्बसहमतिले निर्णय गरियो ।

**निर्णय नं. ४**
प्रस्ताव नं. ४ माथि छलफल गर्दा एक गाउँ एक प्राविधिक (कृषि र पशु) तलव शस्त्र अनुदानबाट रकमान्तर गर्ने सर्बसहमतिले निर्णय गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा कर्जन्हा नगरपालिका वडा नं. ८ मा निर्माण भएको वर्थिङ्ग सेन्टरमा आवश्यक कार्य गरि यथा सिघ्र संचालन गर्ने सर्बसहमतिले निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा कर्जन्हा नगरपालिकामा विभिन्न शाखा वडा कार्यालय र नगरपालिका अन्तर्गत कार्य गरिरहेका सबै करारका कर्मचारीहरुको आवश्यकता अनुसार म्याद थप गर्ने सर्बसहमतिले निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा कर्जन्हा नगरपालिका वडा नं. ६ को पुरानो योजनाहरुलाई संसोधन गरी देहाय अनुसारको नया योजनाहरु बनाइ केन्द्रबाटै संचालन हुने गरि संसोधन गर्ने सर्बसहमतिले निर्णय गरियो ।

| क्र.सं. | योजना | स्थान | रकम |
|---|---|---|---|
| १. | आर.सि.सि. सडक ढलान | रामसेवकको घर देखि श्याम सुन्दरको घर सम्म | ५० लाख |
| २. | आर.सि.सि. सडक ढलान | रामउदगारको घर देखि विद्यालय सम्म | ५० लाख |
| ३. | अधुरो सामुदायिक भवन निर्माण | खेदरु घर अगाडि रहेको अधुरो सामुदायिक भवन निर्माण | ४ लाख |
| ४. | अधुरो सामुदायिक भवन निर्माण | श्याम सुन्दर साहको घर अगाडि रहेको अधुरो सामुदायिक भवन निर्माण | ५ लाख |

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा कर्जन्हा नगरपालिकामा रहेको कोभिड अस्पतालहरुको कर्मचारीहरुको म्याद चैत्र मशान्त सम्म मात्र भएको हुँदा म्याद थप गर्ने सर्बसहमतिले निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा कर्जन्हा नगरपालिकामा कार्यरत रहेका कर्मचारीहरुको फिल्ड तथा विभिन्न क्षेत्रमा कार्य गरिरहेका कर्मचारीहरुको आवश्कता अनुसार भत्ता उपलब्ध गराउने सर्बसहमतिले निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा कर्जन्हा नगरपालिका वडा नं. ९ वस्ने संतोष साहले bbc master chef professionals प्रतियोगितामा उप विजेताभई कर्जन्हा नगरपालिका लगायत राष्ट्रकै नाम बढाएको हुँदा सार्वजनिक कार्यक्रमको आयोजना गरि जनप्रतिनिधी तथा कर्मचारीहरुको सहभागितामा सम्मान गर्ने सर्बसहमतिले निर्णय गरियो ।

राममाया

गुलाव